सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ८० ♦ २०८२ साल मंसीर ८ सोमवार ♦ 24 Nov 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# हुलाकी राजमार्गको धनुषा खण्डमा पुल निर्माण वर्षौंदेखि अलपत्र

## १४ वर्ष पुग्दासमेत पुल निर्माण हुन नसक्दा नागरिकले सास्ती खेप्दै

**खबर दर्पण समाचारदाता**

**मंसीर ७ गते, बर्दिवास**

हुलाकी सडक योजना कार्यालय जनकपुरले ६१ मोटरेबल पुल निर्माण गर्नुपर्ने भए पनि हालसम्म १८ वटाको ठेक्का व्यवस्थापन गर्न सकेको छैन । हुलाकी सडकका पर्ने २२ निर्माण सम्पन्न भई यातायात सञ्चालनमा आइसकेको छ । हाल २१ पुल निर्माणको चरणमा छन् । पुल निर्माणको काम प्रभावकारी हुन नसक्दा स्थानीयले अपेक्षित लाभ हासिल गर्न पाएका छैनन् । सो आयोजनाअन्तर्गतका सडक कालोपत्रको अन्तिम चरणमा पुगेको भए पनि पुल निर्माणले गति लिनसकेको छैन ।



स्रोतको अभाव तथा अन्य प्राविधिक समस्याका कारण ठेक्का व्यवस्थापन हुन समय लागेको आयोजनाले जनाएको छ । निर्माणको क्रममा रहेका पुललाई शिघ्र सम्पन्न गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यक पहल गरेको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सिरहा-धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन समस्याग्रस्त पुल निर्माणलाई तदारुकता दिन र तीन सिफ्टमा काम गर्न निर्देशन दिएका छन् ।

शुक्रबार स्थलगत निरीक्षण गर्दै मन्त्री घिसिङले ठेक्का सम्झौता भएको १४ वर्ष पुग्दासमेत पुल निर्माण हुन नसकेको, पुन नबन्दा नागरिकले सास्ती खेप्नुपरेको भन्दै समस्या समाधान गर्न निर्देशन दिएका थिए ।

सोही क्रममा उनले हुलाकी सडकतर्फका सडक तथा पुल निर्माणको प्रगतिका बारेमा चासो

बाँकी पृष्ठ २ मा

# विवाहपञ्चमी महोत्सव : तिलकोत्सव सम्पन्न

**खबर दर्पण समाचारदाता**

**मंसीर ७ गते, बर्दिवास**

जनकपुरधाममा जारी साता व्यापी विवाह पञ्चमी महामहोत्सवको चौथो दिन आज तिलकोत्सव सम्पन्न भएको छ । राम मन्दिरको प्राङ्गणमा तिलकोत्सव विधि सम्पन्न भएको हो ।

मैथली परम्परा अनुसार विवाह हुनु अघि बेहुली पक्षले बेहुला अर्थात बरलाई भार लिएर पुगि तिल्काउने (टीकाटालो) गर्ने विधिलाई तिल्कोत्सव भनिन्छ। भार अन्तर्गत दहीचिउरा, खिर पुरी, विभिन्न मिठाई, फलफूल, लत्ताकपडा सहित १ हजार १ भार जानकी मन्दिरबाट बाजागाजासहित साधुशन्त जनकपुरकै राम मन्दिरमा पुगेर तिल्कोत्सव गरिएको हो ।

त्रेता युगमा भगवान् श्रीराम र माता सीताको विवाह भएको सम्झनामा जनकपुरधाममा एक सातासम्म मनाइने विवाह पञ्चमी महामहोत्सव अन्तर्गत तिलकोत्सव विधि धुमधाम साथ सम्पन्न गरिएको हो ।

तिलकोत्सव विधि अन्तर्गत जानकी मन्दिरबाट राजर्षि जनकको स्वरूपमा पाहुर लिएर जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव र ाम मन्दिर पुग्नुभएको थियो ।

तिलकोत्सवमा जानकी मन्दिर का उत्तराधिकारी महन्थ दास र अयोध्या दरबारको प्रतिनिधित्व गर्ने जनकपुरधामस्थित राम मन्दिरका महन्थ राम गिरीले एक अर्कालाई अङ्कमाल गरेर सम्धी मिलन गर्नुभयो । तिलकोत्सवको अवसरमा दुवै पक्षबीच हास परिहास तथा गीत गायन कार्यक्रम भएको थियो ।


बाँकी पृष्ठ २ मा



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण
राष्ट्रिय दैनिक



# हुलाकी राजमार्गको धनुषा.....

राख्दै शीघ्र कार्यान्वयन गर्न आवश्यक निर्देशन दिएका छन् । ठेक्का व्यवस्थापन गर्नुपर्नेलाई तत्काल प्रक्रिया अगाडि बढाउन र निर्माणका क्रममा रहेका पुललाई शीघ्र निर्माण गर्न मन्त्रालयले आवश्यक तदारुकता देखाएको छ ।

हुलाकी सडक आयोजना, जनकपुर खण्डको कुल चार सय तीन किलोमिटरमध्ये अब ६१ किलोमिटर खण्डमात्र कालोपत्र गर्न बाँकी रहेको छ । सो खण्डका काम धमाधम भइरहेको र कुनै अवरोध नभएका खण्डमा चालु आवको अन्त्यसम्म एउटा चरणमा पुऱ्याउन सकिने आयोजनाले जनाएको छ ।

सो योजना कार्यालयअन्तर्गत पूर्वपश्चिम तथा उत्तरदक्षिण गरी चार सय तीन दशमलव ६८ किलोमिटर सडक रहेको छ । त्यसमा दुई सय ९९ दशमलव ८० किलोमिटर नेपाल सरकारको बजेटबाट निर्माण भएको हो भने एक सय तीन दशमलव ८८ किलोमिटर सडक भारतीय अनुदान रहेको छ ।

हालसम्म तीन सय ४२ दशमलव ६८ किलोमिटर सडक कालोपत्र भइसकेको योजना प्रमुख कृष्णकुमार महतोले जानकारी दिए ।

सिरहाको बलान कमला सडक (२९ दशमलव ९८ किलोमिटर) कालोपत्र भइसकेको छ। सिरहाको जम्दह लगडी गडियानी (२७ दशमलव ४६ किलोमिटर) सडक भने कालोपत्र हुनसकेको छैन ।

धनुषाको कदमचौक कपतौल तीनकौरिया (३० दशमलव ५८ किलोमिटर) मध्ये २४ किलोमिटर कालोपत्र भएको छ । धनुषाकै यदुकुहा खजुरी महुवा सडक १० किलोमिटर मध्ये छ किलोमिटर कालोपत्र भएको छ । धनुषा र महोत्तरीको जनकपुर बसबिटी हर्दी पोखरी भिण्डा सङ्गामपुर सडकको २० किलोमिटरमध्ये १८ किलोमिटर कालोपत्र भएको छ ।

सर्लाहीको एमआरएम बाँके सङ्गामपुर सडकको (२२ दशमलव ४८ किलोमिटर) मध्ये २० दशमलव ७७ किलोमिटर कालोपत्र भएको छ । सोही जिललको फुलजोर त्रिभुवननगर २३ दशमलव दुई किलोमिटर पूरै कालोपत्र भएको छ । सर्लाहीकै सितलपुर मलङ्गवा खरैइयाटोल (पूर्वपश्चिम हुलाकी) सडकको (४० दशमलव ३७ किलोमिटर) मध्ये ३८ किलोमिटर कालोपत्र भएको छ ।

सर्लाहीको नवलपुर-मलङ्गवा सडकको (२६ दशमलव ५९ किलोमिटर) नै कालोपत्र भएको छ । सोही जिल्लाको नयाँरोड-वरहथवा-मधुवनीको ४० दशमलव ५८ किलोमिटर नै कालोपत्र भएको छ । सो जिल्लाको गोडैता-महिनाथपुर-माधोपुर-जयनगर हनैर्या खण्डको १० किलोमिटर नै कालोपत्र हुन बाँकी रहेको छ । भारतीय अनुदानतर्फको धनुषा खण्डको वीरेन्द्रबजार-यदुकुहा-महिनाथपुर सडकको (३२ दशमलव ३१ किलोमिटर)मध्ये ३१ किलोमिटर कालोपत्र भएको छ ।

जनकपुर-यदुकुहा सडकको (१६ दशमलव ६३ किलोमिटर) मध्ये १२ किलोमिटर कालोपत्र भएको छ । माईस्थान-गौशला सम्सी सडकको (२६ दशमलव ९४ किलोमिटर)मध्ये २६ किलोमिटर कालोपत्र भएको आयोजनाले जनाएको छ ।

यस्तै, जलेश्वर-हर्दी सडकको २८ किलोमिटर नै कालोपत्र भएको छ । सो आयोजनाका लागि चालु आवको असोज मसान्तसम्म सात करोड नौ लाखबराबर खर्च भएको छ । हुलाकी सडक तथा पुल निर्माणका लागि ५९ करोड ९० लाख बजेट विनियोजन भएको छ ।

जग्गा खरिद, सडक विस्तारका क्रममा सडक सीमाभित्र पर्ने संरचनाको क्षतिपूर्तिका लागि पाँच करोड बजेट विनियोजन भएकामा एक करोड तीन लाख ९० हजार खर्च भएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८२।०८।०८**

यस कम्पनीको मिति मिति २०८२।०७।१६ मा सम्पन्न बिशेष साधारण समिति को निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी किम्चु कन्स्ट्रक्सन एण्ड सप्लायर्स (प्रा. लि.) प्रा.ली. नं. ३३८६९८ को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको एम.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. अंग्रेजीमा M.B.Construction And Suppliers Pvt.Ltd.ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

# सबै एकजुट भएर राष्ट्र विकासमा जुट्ने समय आएको छ : माधव नेपाल




**शर्मिला घिमिरे**

**मंसीर ७ गते, बर्दिवास**

"नेपाल गौरवको गाथा गाउन चाहन्छ। आत्मनिर्भर भएर विश्वसामु सिर ठाडो पारेर हिँड्न चाहन्छ। यसका लागि युवा शक्तिलाई देशमा नै उचित वातावरण सिर्जना गरी उत्पादनमा जोड दिन विशेष पहल हुनेछन् ।"

सर्लाहीको लालबन्दीमा जिल्ला कार्यकर्ता भेलाका क्रममा पूर्व प्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टीका सह संयोजक माधव कुमार नेपालले सो कुरा बताएका हुन् ।

सह संयोजक नेपालले भने, "नेपाली कम्युनिस्ट पार्टी देशकै ठूलो कम्युनिष्ट पार्टी भएको छ। अब युवाहरू एकजुट भएर अगाडि बढ्नुपर्छ भन्दै कर्म र प्रयासलाई निरन्तरता दिइरहनुपर्छ। हिम्मत गरेर अगाडि बढ्ने मान्छे हार खानु पर्दैन ।"

उनले विजय प्राप्त गर्न सङ्घर्ष गर्नुपर्ने र आफूहरुको सिद्धान्तलाई पछाडि पार्न धेरै प्रयास भए पनि अटल आत्मविश्वास र सफा कार्यले सधैँ गाडि बढ्न सहयोग पुऱ्याएको बताए। उनले सकारात्मक सोच राखी सबै एकजुट भएर अगाडि पढ्नुपर्ने बताए ।

नेता नेपालले जेन्जीको आन्दोलनले देशमा ठूलो परिवर्तन ल्याएको बताउँदै उनीहरूको माग र धारणाप्रति आफूहरूको सक्दो सम्बोधन हुने बताए ।

उनले अब चुप लागेर बस्ने समय नभएको सबै एकजुट भएर राष्ट्र विकासमा जुट्ने समय आएको बताए ।

उनले मङ्सिरको १२ गते सुदूर पश्चिमको धनगढीबाट सुरु हुने देशव्यापी पार्टी एकता सन्देश कार्यक्रममा सबैलाई सहभागी हुन आग्रह समेत गरे।

पार्टी एकीकरण पछिको सर्लाहीको पहिलो जिल्ला स्तरीय कार्यकर्ता भेटघाट कार्यक्रम रहेको जानकारी कार्यक्रमका अध्यक्ष अचुतम काफ्लेले गराए ।

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका तेस्रो मर्यादा क्रमका नेता महेन्द्र राय यादव ,केन्द्रीय नेतृत्व रामकुमार भट्टराई , प्रल्लाद बुढाथोकी, नागेन्द्र चौधरी जस्ता नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो

# विवाहपञ्चमी महोत्सव....

तिलकोत्सवमा दुलही पक्षको प्रतिनिधित्व गर्दै जानकी मन्दिरका उत्तराधिकारी महन्थ दासले पाहुर 'भार' दुलहा पक्षका प्रतिनिधित्व गरेका राम मन्दिरका महन्थ गिरीलाई हस्तान्तरण गरी सम्धी मिलन गर्नु भएको थियो। विवाह पञ्चमीको पाँचौं दिन सोमबार जानकीको मटकोर विधि हुनेछ ।

भोली मटकोर विधि गंगासागर पोखरीमा हुनेछ भने मङ्गलवार विवाह पञ्चमीको मुख्य दिन रामजानकी स्वयंवर तथा राति जानकी मन्दिरमा शुभ विवाहको कार्यक्रम रहेको छ । बुधवार रामकलेवा गरेसँगै यस वर्षको विवाह पञ्चमी महामहोत्सव सम्पन्न हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरहीमा ८ सय सहभागीसहित वृहत् शोभा तथा कलश यात्रा,नयाँ मूर्ति स्थापना कार्य प्रारम्भ



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**मंसीर ७ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-२ स्थित ऐतिहासिक तथा पौराणिक महत्वको रामजानकी कुटीबाट आइतवार ८ सयभन्दा बढी सहभागीसहित वृहत् शोभा तथा कलश यात्रा निकालिएको छ। करिब दुई वर्षदेखि भगवान रामको मूर्ति खण्डित अवस्थामा रहेपछि स्थानीयको पहलमा नयाँ मूर्ति स्थापना तथा प्राण-प्रतिष्ठाको कार्य सुरु गरिएको हो।

स्थानीय पत्रकार एवं समाजसेवी धर्वेन्द्र कुमार यादव 'यदुवंशी' ले सामाजिक सञ्जालमार्फत खण्डित मुर्तिको जानकारी सार्वजनिक गरेपछि असोक कुमार मण्डलको नेतृत्वमा नयाँ मूर्ति निर्माणका लागि सहयोग संकलन अभियान सुरु गरिएको थियो। मधेश प्रदेशका आठै जिल्लाका भक्तजन तथा स्थानीयवासीको सहयोगपछि अभियान सफल भएको आयोजकले जनाएको छ। अभियानमा नागेन्द्र यादव र नवीन यादवले पनि विशेष भूमिका खेलेका छन्।

स्थानीयवासीबाट चन्दा संकलन गर्दै राम, सीता, लक्ष्मण र हनुमानको नयाँ मूर्ति स्थापना गरिन लागिएको कुटी व्यवस्थापन पक्षले जनाएको छ। सोही कार्यक्रमअन्तर्गत कुटी परिसरमा आजदेखि तीन दिनसम्म विशेष पूजा-पाठ सुरु गरिएको छ। पहिलो दिन वृहत् कलश शोभा यात्राले समारोहको थालनी गरेको थियो।

बिबाह पंचमीको अवसर पारेर आयोजना गरिएको सो शोभा तथा कलश यात्रामा औरहीसहित आसपासका क्षेत्रबाट भक्तजनको उत्साहजनक सहभागिता रहेको थियो। यात्रापश्चात् मन्दिर परिसरमा आयोजित पूजामा सहभागी भक्तहरूले गाउँ तथा देशको शान्ति-समृद्धिका लागि प्रार्थना गरे।

औरही नगरपालिका-२ का समाजसेवी नरेन्द्र यादवले भने, स्थानीय एकता र सहयोगको फलस्वरूप आज यो ऐतिहासिक कार्य सम्भव हुँदैछ। अब कुटीको संरक्षण, व्यवस्थापन र प्रचार-प्रसारमा गाउँले सबै मिलेर अघि बढ्नुपर्छ।

स्थानीय पत्रकार एवं समाजसेवी धर्वेन्द्र कुमार यादव 'यदुवंशी' ले धार्मिक सन्देश जोड्दै भने, भगवान श्रीराम सत्य, नैतिकता र आदर्शका प्रतीक हुन्। नयाँ मूर्ति स्थापना मात्र संरचनागत परिवर्तन होइन, यो यहाँको सांस्कृतिक पुनर्जागरण हो। भक्तिभाव, एकता र धर्मप्रति समर्पणले नै समाजलाई समुन्नत बनाउँछ।

त्यसैगरी, सोही स्थानका अर्को समाजसेवी दरेश यादवले भने, नयाँ मूर्ति स्थापना हुन लागेकामा हामी सबै अत्यन्तै उत्साहित छौं। रामजानकी कुटी हाम्रो धार्मिक पहिचान हो। यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न हामी निरन्तर लागिरहनेछौं।

स्थानीयवासीले नयाँ मूर्तिको प्राण-प्रतिष्ठापछि यहाँको धार्मिक महत्त्व झनै वृद्धि हुने र पर्यटनमार्फत आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन्।

# विवाहपञ्चमी महोत्सवलाई ध्यानमा राखी संयुक्त सुरक्षा योजना

**खबर दर्पण समाचारदाता**
**मंसीर ७ गते, बर्दिवास**

विवाहपञ्चमी महोत्सवलाई ध्यानमा राखेर नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त सुरक्षा योजना लागु गरेका छन् ।

सात दिनसम्म विवाहपञ्चमी महामहोत्सवलाई व्यवस्थित तथा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न संयुक्त सुरक्षा योजना लागु गरिएको हो । विवाहपञ्चमीमा सहभागी हुन आउने लाखौँ श्रद्धालुहरूको सुरक्षाका लागि १ हजार ४ सय नेपाल प्रहरी तथा ट्राफिक प्रहरीका साथै सात सय बढी सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

शान्ति सुरक्षालाई ख्याल गर्दै व्यापक रूपमा सुरक्षाकर्मीको परिचालन गर्नुका साथै पाकेटमारलगायत अपराध रोक्न सादा पोसाकका तालिमप्राप्त प्रहरी परिचालन गरिने धनुषा प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरले बताए ।

उनले विवापञ्चमी महोत्सव अवधिभर कमाण्ड पोस्ट, ठाउँ-ठाउँमा चेकिङ्ग प्वाइन्ट राख्नुका साथै सीसीटीभी क्यामेरा र ड्रोन क्यामेराबाट निगरानी राख्ने कार्य भइरेहको जानकारी दिए । मेलामा आउने सवारी साधन तथा भिड व्यवस्थापन गर्न ट्राफिक प्रहरी खटाइएको छ । त्यस्तै श्रद्धालु भक्तजनहरूको बासस्थानमा समस्या नहोस् भनी नेपाल प्रहरी तयारी अवस्थामा छ । साथै प्रहरी उपरीक्षक कुँवरले मेलामा लाखौंको संख्यामा श्रद्धालु भक्तजनहरू आउने भएकाले यहाँका स्थानीय युवा क्लब तथा नागरिक समाजले समेत व्यवस्थित बनाउन भूमिका खेल्नुपर्ने बताएका छन् ।

# विवाह पञ्चमीको अवसरमा जनकपुरका विद्यालय तीन दिनका लागि बन्द

**खबर दर्पण समाचारदाता**
**मंसीर ७ गते, बर्दिवास**



जनकपुरधाम उपमहानगर पालिकाले नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालय तीन दिनका लागि बन्द गर्ने निर्णय गरेको छ।

उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद विकास शाखाले जारी गरेको सूचनामा मंसिर ८ गते सोमबारदेखि मंसिर १० गते बुधबारसम्म विद्यालयको पठनपाठन स्थगित रहने उल्लेख गरिएको छ।

विवाह पञ्चमी महोत्सवमा देश विदेशबाट आउने ठूलो संख्यामा भक्तजनको भीडलाई ध्यानमा राख्दै नगरको समग्र वातावरण व्यवस्थापन र सुरक्षालाई मध्यजर गर्दै यस्तो निर्णय गरिएको उपमहानगरपालिकाले जनाएको छ।

नगरमा आयोजना हुने विवाह पञ्चमी मेलामा भव्य भीड हुने भएकाले श्रद्धालु भक्तजनका लागि बास, पिउने पानी र सार्वजनिक शौचालय व्यवस्थापनमा सहयोग पुर्याउन विद्यालय तथा सम्बन्धित निकायलाई पनि उपमहानगर पालिकाले आग्रह गरेको छ।

शिक्षा शाखाका प्रमुख अन्जु पाण्डेयले धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण जनकपुरधामलाई व्यवस्थित र स्वागतयोग्य बनाउँदै भक्तजनलाई सहजता प्रदान गर्न सबैको सहकार्य आवश्यक रहेको भन्दै मेलाको व्यवस्थापनमा विद्यालयहरूको सकारात्मक भूमिका अपेक्षित रहेको बताइन्।



# धनुषामा कार दुर्घटनामा परि एक दम्पत्तिको मृत्यु, चारजना घाइते

**खबर दर्पण समाचारदाता**
**मंसीर ७ गते, बर्दिवास**




मधेश प्रदेशको राजधानी धनुषाको जनकपुर ढल्केबर ६ लेन सडकअन्तर्गत नक्टाझिझ र महेन्द्रनगरमा भएको छुट्टा-छुट्टै दुर्घटनामा परि एक दम्पत्तिको ज्यान गएको छ भने चार जना घाइते भएका छन् । आइतबार भएको सवारी दुर्घटनामा साइकलमा सवार मिथिला नगरपालिका लक्ष्मी निवासका ६० वर्षीय राजकुमार महतो र उहाँकी धर्मपत्नी ५५ वर्षिया सुमित्रा देवीको मृत्यु भएको हो । सुमित्राको घटनास्थलमै र राजकुमारको उपचारको क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय ढल्केबर ले जनाएको छ ।




ढल्केवर जनकपुर राजमार्गको मिथिला नगरपालिका २ हजर ाचोक नक्टाझिज सडक खण्डमा साइकलमा सवारमा महतो दम्पतीलाई तिब्र गतिमा ढल्केवर तर्फ जाँदै गरेको बागमति प्रदेश ०३१ च २०३६ नम्बरको कारले जोडले ठक्कर हानेको थियो ।

साइकलमा सवार दम्पत्तिलाई ठक्कर दिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ । घटनापछि स्थानीयवासी तथा प्रहरी टोलीले घाइते राजकुमार महतोलाई तत्कालै उद्धार गरी उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पतालतर्फ पठाइएकोमा उनको उपचारको क्रम मृत्यु भएको हो ।

यता ठक्कर दिने कारका चालक सर्लाहीको लालबन्दी नगर पालिका ६ बस्ने १८ वर्षीय दिवस कार्की र कार लाई नियन्त्रणमा लिएर विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सोही सडक खण्डअन्तर्गत महेन्द्रनगरमा भएको कार दुर्घटनामा परि चार जना घाइते भएका छन । चारै जनाको उपचार भई रहेको प्रहरीले जनाएको छ ।

# मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा सुधारका लागि स्वास्थ्य नीति तयार गर्नुपर्छ : मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**
**मंसीर ७ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले समग्र रुपमा मधेश प्रदेशको स्वास्थ्य क्षेत्र सुधारका लागि स्वास्थ्य नीति आवश्यक भएको बताउनुभएको छ।

प्रदेशको राजधानी जनकपुर धाममा तीन दिनसम्म चलेको आर्थिक वर्ष २०८१/८२मा सम्पादित स्वास्थ्य कार्यक्रमको प्रदेशस्तरीय वार्षिक समीक्षा गोष्ठीको समापन कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो।

उहाँले स्वास्थ्य नीति ल्याउने विषयमा चाहिने आवश्यक सहयोगका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको भन्दै वार्षिक समीक्षा गोष्ठीमा विभिन्न क्षेत्रवाट प्रस्तुत गरिएका डेटालाई एकीकृत गर्न आग्रह गर्नुभयो। उहाँले जनकपुरधामको प्रादेशिक अस्पतालको अवस्था दयनीय रहेको भन्दै आफूले अस्पताल सुधारका लागि थालेको प्रयासमा सबैको सहयोग आवश्यक भएको उल्लेख गर्नुभयो।

उहाँले तीन दिनको समीक्षा गोष्ठीबाट आएका सुझावले आगामी बजेट निमार्णको समयमा धेरै सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

मधेश प्रदेशका स्वास्थ्य निर्देशक डा. सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा भएको सो कार्यक्रममा, मधेश प्रदेशका स्वास्थ्य सचिव डा. ओमप्रसाद अर्यालसहित विभिन्न पालिकाका प्रमुख सहितको सहभागिता रहेको थियो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,